पाठ ८

# अनि तपाईंलाई प्रणाली (तरीका)-को आवश्यकता छ

राम्रोसँग तयार गरिएको खाना खान के तपाईं मन पराउनुहुन्छ? मलाई असाध्यै मन पर्छ। खाना पकाउने ठीक तरीका र गलत तरीका त्यहाँ छ भन्ने कुरा हामीलाई थाहा छ। खाना मीठो वा स्वादिष्ठ पारी बनाउनका लागि हामी ठीक *तरीका* वा प्रणालीलाई प्रयोग गर्छौं। अनि हामी सबै जना हाम्रो खाना स्वादिष्ठ भएको हामी चाहन्छौं।

हाम्रो आत्मिक "खाना" पनि स्वादिष्ठ भएको हामी चाहन्छौं। हामी यस्तो किसिमले सिकाउन चाहन्छौं कि, सिकारुले हामीले भनेका कुराहरूमा चासो लगाउनेछ र ऊ आत्मिक रूपमा वृद्धि पनि हुनेछ। त्यसैले हामीले सिकाउँदा ठीक किसिमका *प्रणाली*हरूलाई प्रयोग गर्नु आवश्यक छ।

हामीले भर्खरै हेरिसकेका छौं कि संसारसँग बाँड्नका लागि हामीसँग अचम्मको सन्देश छ। दिइएकाहरूमध्ये योचाहिँ सबै



भन्दा महत्त्वपूर्ण सन्देश हो। हामी यसलाई *कसरी* प्रस्तुत गर्छौं, त्यो पनि अति नै महत्त्वपूर्ण छ। प्राणीहरू ती आफैमा नता आत्मिक न अआत्मिक नै छन्। तर आत्मिक सत्यताहरू सिकाउनका लागि तिनीहरूले हाम्रो निम्ति सम्भव तुल्याइदिन्छन्, यसरी सबै उमेरका मानिसहरूले ती आत्मिक सत्यताहरूलाई बुझ्न र ग्रहण गर्न सक्छन्। परमेश्वरको वचनबाट यी अचम्मका सत्यताहरू तपाईंले सिकाउनुहुँदा सबैभन्दा *उत्तम* प्रणालीहरूलाई प्रयोग गर्नुहोस्!

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

तपाईंलाई प्रणालीको आवश्यकता पर्छ
सबैभन्दा उत्तम प्रणाली छान्नुहोस्
- प्रवचन दिनुहोस्
- कथा भन्नुहोस्
- छलफल गर्नुहोस्।
- प्रश्नहरू सोध्नुहोस्।

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- शिक्षण प्रणालीहरू किन आवश्यक छन् सो व्याख्या गर्न।
- तपाईंको शिक्षण सेवालाई सुधार्नका निम्ति विभिन्न प्रणालीहरूको प्रयोग गर्न।
- तपाईंले सिकाउनुहुने व्यक्तिहरूका निम्ति ठीक प्रणालीहरू छान्न।

## तपाईंलाई प्रणालीको आवश्यकता पर्छ

उद्देश्य १ : *तपाईंको सेवामा शिक्षण प्रणालीहरूको किन आवश्यकता पर्छ व्याख्या गर्नुहोस्।*

के तपाईं कहिल्यै बाल-सङ्गति कक्षा वा मण्डली कक्षामा बसेर केही पनि नसिकी जानुभएको छ? हुन सक्छ ती शिक्षकले प्रभुलाई प्रेम गर्छन् र पाठलाई पनि अध्ययन गरेका होलान्, तर कक्षा सकिएपछि पनि उनले तपाईंलाई के भन्न खोजेका थिए सो तपाईंले बुझ्नु भएन। वा उनले भनेको कुरामा तपाईंलाई चासो नै लागेन। शिक्षकले जसरी तयार गर्नुपर्ने हो त्यसरी तयार नगर्दा कहिलेकहीँ यसो हुन सक्छ।

सन्देशलाई कसरी तयार गर्नुपर्छ भन्ने सम्बन्धमा हामीले यसभन्दा पहिलेको पाठमा अध्ययन गरिसकेका छौं। यदि सन्देशलाई तयार र प्रस्तुत गर्दा ठीक प्रणाली प्रयोग गरिएन भने यसको नतीजाचाहिँ त्यत्ति प्रभावशाली हुन सक्दैन। प्रणालीहरूचाहिँ "तपाईंका सन्देशलाई विचारहरू र विषयहरूको क्रमबद्ध प्रबन्ध मिलाई प्रस्तुत गर्ने *तरीकाहरू* हुन्। तपाईंलाई पाठको *सन्देश* थाहा पाएर मात्र पुग्दैन, तर यसलाई तपाईं *कसरी* सिकाउन चाहनुहुन्छ सो पनि तपाईंलाई थाहा हुनुपर्छ। सिकाइएको

कुराचाहिँ सन्देश हो। प्रणालीचाहिँ सन्देशलाई तपाईंले कसरी सिकाउने योजना गर्नुभएको छ त्यो सिकाउने तरीका हो।

तपाईंको शिक्षण सेवामा ठीक प्रणालीलाई प्रयोग गर्नु महत्त्वपूर्ण हुन्छ। प्रणालीहरूको आवश्यकता पर्दैन भनी कोही-कोही मानिसहरूले भन्ने गर्छन्। तिनीहरूलाई यस्तो लाग्छ कि यदि तिनीहरूले बोले भने, के भन्नुपर्छ भन्ने कुरा पवित्र आत्माले नै तिनीहरूलाई बताइदिनुहुन्छ। मानिसहरूलाई आत्मिक रूपमा वृद्धि हुनका लागि सहयोग पुऱ्याउने शिक्षण सेवा त्यत्ति सजिलो छैन। असल प्रणालीहरू प्रयोग नगरीकनै सिकाउन कोशिश गर्नेले केही वर्षपछि पत्ता लगाउने छ कि आफूले सिकाएका व्यक्तिहरूले त्यत्ति राम्रोसँग सिक्न सकेका रहेनछन्।

शिक्षण प्रणालीहरूलाई प्रयोग गर्नु परमेश्वरको योजनाको विरुद्धमा होइन। येशूले आफ्ना चेलाहरू र उहाँका पछि लाग्ने मानिसहरूले भीड़ दुवैलाई सिकाउनका लागि धेरै किसिमका प्रणालीहरूलाई प्रयोग गर्नुभयो। हामी यी उदाहरणहरूलाई हाम्रो अर्को पाठमा हेर्नेछौं।

पवित्र आत्माका सेवाहरूमध्ये एउटा सेवाचाहिँ खीष्टियानलाई अगुवाइ गर्नु हो। खीष्टियानको हैसियतले यदि तपाईंले उहाँसँग बिन्ती गर्नुभयो भने, तपाईंले पाठलाई उत्तम किसिमले प्रस्तुत गर्ने प्रणालीहरूलाई छान्नका लागि उहाँले तपाईंलाई अगुवाइ गर्नुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति**

**१** शिक्षणमा हामीले प्रयोग गर्ने प्रणालीचाहिँ

**क.** हामीले सिकाउन कोशिश गरिराखेको कुरा हो।

**ख**. कुनै पाठ सिकाउनका लागि हामीले योजना बनाउने तरीका हो।
**ग**. सन्देशजस्तै कुरा हो।

**२** असल शिक्षण प्रणालीहरूको आवश्यकता पर्छ, यसरी शिक्षक
**क**. आफैमा सन्तुष्टि प्राप्त गर्न सक्छन्।
**ख**. ले पाठलाई छिटो-छिटो सिध्याउन सक्छन्।
**ग**. ले विद्यार्थीहरूमा आत्मिक वृद्धि देख्न सक्छन्।

---

**सबैभन्दा उत्तम प्रणाली छान्नुहोस्**

---

तपाईंले आफ्नो सन्देशको योजना बनाउनुहुँदा शिक्षणमा प्रयोग भएका विभिन्न प्रणालीहरूका बारेमा तपाईं सचेत हुनु आवश्यक पर्छ। विभिन्न प्रणालीहरूलाई प्रयोग गर्न सकिन्छ।

तपाईंले कुनचाहिँ प्रणाली प्रयोग गर्ने हो भन्ने सम्बन्धमा छान्दा, तपाईंले कुन उमेरका मानिसहरूलाई सिकाउँदै हुनुहुन्छ त्यस बारेमा तपाईंले विचार गर्नु अति महत्त्वपूर्ण हुन्छ। किनकि आफ्ना सिक्ने योग्यतामा केटाकेटीहरू बयस्कहरूभन्दा फरक हुन्छन्। यसैले तिनीहरूलाई सिकाउनका लागि तपाईंले भिन्नाभिन्नै तरीकाहरू छान्नु आवश्यक पर्छ।

अब तपाईं चारवटा शिक्षण प्रणालीहरूलाई हेर्नुहुनेछ। हामीले तिनीहरूका बारेमा छलफल गर्दा, तपाईंको शिक्षण सेवामा तपाईं तिनीहरूलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ, त्यस बारेमा विचार गर्ने कोशिश गर्नुहोस्।

**प्रवचन दिनुहोस्**

उद्देश्य २ः *प्रवचन कहिले प्रयोग गरिनुपर्छ व्याख्या गर्नुहोस्।*

*प्रवचनचाहिँ* "अर्ती दिने उद्देश्यको निम्ति छानिएको विषयमा योजनाबद्ध उपदेश वा कुराकानी हो"। प्रवचन छोटो वा लामो हुन सक्छ, र बयस्कहरूका बीचमा यसलाई प्रभावशाली ढङ्गले प्रयोग गर्न सकिन्छ। लामो समयसम्म प्रवक्ताका कुराहरू सुन्न केटाकेटीहरूलाई कठिन पर्छ।

प्रवचन प्रयोग गरिने विभिन्न कारणहरू त्यहाँ छन्।

१. *यसले समयको बचत गर्छ।* एक शिक्षकले कुनै पाठलाई प्रस्तुत गरी त्यसका वास्तविकताहरू दिन सक्छन्, जुन कुरा विद्यार्थीहरूले नै पत्ता लगाउनका लागि तिनीहरूलाई लामो समय लाग्छ।

२. *यसले शिक्षकलाई पाठको विषयमा नै केन्द्रित गराएर राख्छ।* शिक्षकले अर्को विषय नछोईकन त्यस पाठको सम्बन्धमा पूर्ण जानकारी विद्यार्थीहरूलाई दिन सक्छन्। नयाँ सत्यताहरू प्रस्तुत गर्दा वा कुनै एक विशेष कुरा विद्यार्थीहरूले सिकून् भन्ने चाहना गर्दा यो तरीका महत्त्वपूर्ण साबित हुन्छ। त्यस पाठमा प्रयोग हुने वास्तविकताहरू र विचारहरूलाई मात्र शिक्षकले प्रस्तुत गरेका हुन्छन्।

३. *ठूलो भूण्डमा शिक्षण गर्दा यसले सहायता पुऱ्याउँछ।* दश जनालाई जति सजिलोसँग प्रवचन दिइन्छ, १०० (सय)-जनालाई पनि त्यत्ति नै सजिलो गरी प्रवचन दिन सकिन्छ। शिक्षणका अन्य प्रणालीहरू ठूलो समूहमा प्रयोग गर्नका लागि कठिन पर्छ।

प्रवचन प्रणालीलाई प्रयोग गर्ने असल कारणहरूका साथसाथै, तपाईं होशियार हुनुपर्ने केही कुराहरू त्यहाँ छन्ः

१. प्रवचनका समयमा कुराकानी गर्नका लागि विद्यार्थीहरूलाई कम मौका हुने भएको हुनाले, प्रवचनचाहिँ अति नै चाखलाग्दो राखिनुपर्छ। यदि विद्यार्थीहरूलाई दिक्क लाग्यो वा उनीहरूले चासो गुमाए भने, सिकाइएको कुरालाई तिनीहरूले सिक्न सक्दैनन्। सिक्नका लागि मानिसहरू आफैले आफ्नै निम्ति विचार गर्नुपर्ने वातावरणको आवश्यकता पर्छ। प्रवचन गर्दा पनि यसो गर्ने तरीकाहरू त्यहाँ छन्। यस पाठमा अलि पछि गएर हामी केही तरीकाहरूका बारेमा सुझाव दिनेछौं।

२. प्रवचनमा शिक्षकले नै प्रायःजसो कुराकानी गर्ने भए तापनि, प्रश्न सोध्न वा टिप्पणी गर्नका लागि बेला-बेलामा विद्यार्थीहरूलाई मौका दिइनुपर्छ। यी प्रश्नहरू वा टिप्पणीहरूचाहिँ पाठमा नै आधारित भएका हुनुपर्छ।

३. सन्देशका सत्यताहरूलाई कसरी प्रस्तुत गर्नुपर्ने हो भन्ने सम्बन्धमा प्रवचन तरीकाले होशियारपूर्ण ध्यानको माग गर्छ। शिक्षणका अरू प्रणालीहरूमा पनि यो कुरा सत्य छ। प्रवचन दिँदा यस कुरामा ध्यान दिनुहोस् कि सन्देशचाहिँ सिकारुका भावनाहरू र मनमा पुगेको हुनुपर्छ।

४. भनिएको कुराको बारेमा विचार गर्नुहोस्। प्रत्येकले सुन्ने गरी स्पष्ट र चर्कोसँग बोल्नु महत्त्वपूर्ण हुन्छ। (यसभन्दा पहिलेको पाठमा उल्लेख *भाषा* खण्डलाई फेरि पढ्नु तपाईंको निम्ति राम्रो हुनेछ।)

यदि तपाईंले प्रवचन दिन चाहनुभयो भने, तपाईं आफ्नो सन्देशलाई कसरी प्रस्तुत गर्न चाहनुहुन्छ सो ध्यानपूर्वक योजना बनाउनुहोस्। तपाईंले प्रस्तुत गर्नुहुने विभिन्न विषयहरूको

रूपरेखा वा सूची बनाएर तपाईं यसो गर्न सक्नुहुन्छ। तब तपाईंले शिक्षण गर्नुहुँदा, तपाईंले बनाउनुभएको रूपरेखाको क्रमलाई पालन गर्नुहोस्। उदाहरणको लागि, हामीले अध्ययन गर्ने पाठको रूपरेखालाई मैले यस पाठको शुरूमा नै तपाईंलाई दिएँ। हामीले त्यही क्रममा नै अध्ययन गरिरहेका छौं।

प्रवचनबाट सिक्नका लागि विद्यार्थीहरूलाई सहयोग पुऱ्याउन गर्न सकिने अर्को कुराचाहिँ प्रस्तुत गरिएको विषय सम्बन्धी प्रश्नहरू सोध्नु हो। दिइएका प्रश्नहरूका उत्तरहरूलाई तिनीहरूले आफ्ना कापीमा लेखून्। प्रवचनको अन्तमा विद्यार्थीहरूले लेखेका उत्तरहरू बाँड्नका लागि तिनीहरूलाई समय दिनुहोस्।

तपाईंले सिकाइरहनुभएका व्यक्तिहरूलाई तपाईंले चिन्नु महत्त्वपूर्ण हुन्छ, यसरी तिनीहरू आत्मिक रूपमा वृद्धि भइरहेका छन् वा छैनन् भन्ने कुरा थाहा हुन्छ। याद गर्नुहोस्, सबै ख्रीष्टियान शिक्षणको लक्ष्यचाहिँ मानिसहरूलाई आत्मिक रूपमा वृद्धि गराउनु हो।

**तपाईंको अभ्यासको निम्ति**

**३** प्रवचन प्रणालीद्वारा सिकाउन सकिने सबैभन्दा उत्तम उमेर समूह कुन हो?

........................................................................

**४** तल उल्लेखित कुन-कुन अवस्थामा प्रवचन प्रणालीचाहिँ सिकाउनका लागि उत्तम तरीका बन्छ? तपाईंले छान्नुभएको उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क. धैरै केटाकेटीहरू तपाईंका वरिपरि जम्मा भए र तिनीहरूलाई सिकाउनका लागि तपाईंले पवित्र आत्माको अगुवाइको महसूस गर्नुभयो।

ख. बीस वा तीस जना ख्रीष्टियानहरू जम्मा भए र येशूको जीवनको बारेमा तिनीहरूले अझ धैरै सिकेको तपाईं चाहनुहुन्छ।

ग. तपाईंसँग कुनै एक सङ्गीले कुरा गरिरहेकी छिन् र कसरी ख्रीष्टियान बन्न सकिन्छ भन्ने बारेमा तिनी तपाईंसँग प्रश्न सोध्छिन्।

घ. कुनै स्कूलको दीक्षान्त समारोहमा तपाईंले वक्ताको रूपमा बोल्नुपर्ने भएको छ।

**कथा भन्नुहोस्**

उद्देश्य ३: *तपाईंको शिक्षणमा तपाईंले कहिले कथा भन्नुहुन्छ वर्णन गर्नुहोस्।*

सिकाउने तरीकाहरूमध्ये कथा भन्नु एक पुरानो तरीका हो। येशू मुख्य कथादाता हुनुहुन्थ्यो। उहाँका कथाहरू चाखलाग्दा र क्रियाशील थिए। उहाँले हरेक दिनको जीवनबाट यी कथाहरू लिनुभएको थियो। मानिसहरूले गरेका र जानेका कुराहरूका बारेमा ती कथाहरू थिए। हाम्रो अर्को पाठमा हामी यसलाई अझै पूर्ण रूपमा छलफल गर्नेछौं।

केटाकेटीहरू, जवानहरू र बयस्कहरू सबै जना नै कथाहरू सुन्न मन पराउँछन्। तपाईं कथामा सत्यताहरूलाई जीवनमा परिणत गर्न सक्नुहुन्छ। कार्यले विद्यार्थीको चासो बढ़ाइदिन्छ र त्यसपछि वृद्धि हुन्छ।

केटाकेटीहरूका लागि त कथाले प्रायःजसो पूरै पाठको नै प्रस्तुत गरिदिन्छ। हुर्केका केटाकेटीहरू र बयस्कहरूसँग कथालाई कम-से-कम तीन प्रकारमा प्रयोग गर्न सकिन्छ। तिनीहरू हुन्ः

१. पाठलाई परिचित गर्नका लागि शुरूमा नै।
२. दिइएको धारणा व्याख्या गर्नका लागि बीचमा।
३. सन्देशलाई प्रत्येक दिनको जीवनमा प्रयोग गर्नका लागि अन्तमा।

*प्रेम, विश्वास* वा *धन्यवाद ज्ञापन*जस्ता भनाइहरूलाई व्याख्या गर्नका लागि कहिलेकहीँ कठिन पर्छ। कथामा यिनीहरूलाई अझै स्पष्ट पार्न सकिन्छ। सिंहको खोरमा भएका दानिएलको कथा सुन्दा कुनचाहिँ बालकलाई चाख लाग्दैन र? यो सबै उमेरकाहरूका लागि चाखलाग्दो कथा हो, र आफ्ना मानिसहरूका वास्ता राख्ने परमेश्वरमा राखिएको विश्वासको अर्थलाई यसले व्याख्या गरिदिन्छ।

ख्रीष्टियान शिक्षणमा सिक्ने व्यक्तिहरूलाई खुशी पार्नका लागि मात्र कथाहरू छानिनुहुँदैन। येशूले भन्नुभएको प्रत्येक कथामा सन्देश थियो, किनकि उहाँले आफ्ना श्रोताहरूलाई सिकाउने कोशिश गरिरहनुभएको थियो। हामीले हाम्रो शिक्षणमा प्रयोग गर्ने कथाहरूमा पनि सत्यता हुनुपर्छ, जसले सन्देश सिकाउनको लागि सहयोग पुऱ्याउँछ।

सिकारुहरूको ख्रीष्टियान जीवनमा वृद्धि गराउनका निम्ति तपाईंले बाइबलमा भएका कथाहरूलाई पनि प्रयोग गर्न सक्नुहुन्छ। वा येशूले गर्नुभएझैं हरेक दिनको जीवनमा प्रयोग गर्न सकिने कथालाई भेट्टाउनुहोस्। खबर कागजमा पनि तपाईंले सम्बन्धित कथालाई कहिलेकहीँ भेट्टाउन सक्नुहुन्छ।

कथालाई छान्दा यस बारेमा तल उल्लेखित प्रश्नहरू आफैलाई सोध्नुहोस्।

१. मैले यस पाठमा प्रयोग गर्न चाहेको सत्यतालाई के यस कथाले सिकाउँछ?
२. मैले सिकाइराखेका उमेर समूहका व्यक्तिहरूका निम्ति के यो कथा अर्थपूर्ण छ त?
३. के यस कथामा क्रियाकलाप छ? के मानिसहरूले केही गर्दैछन्?
४. के म र मेरा विद्यार्थीहरूले कथामा आनन्द मनाउन सक्छौं?

तपाईंले कथा भन्नुभन्दा पहिले, चर्को स्वरमा दुइ-तीन पल्ट यसलाई अभ्यास गर्नुहोस्। यदि कथाचाहिँ तपाईंलाई जीवितजस्तो लाग्यो र यसमा अर्थ पनि स्पष्ट छजस्तो तपाईंलाई लाग्छ भने, तपाईंका श्रोताहरूका निम्ति पनि यसमा अर्थ हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**५** तल दिइएको प्रत्येक प्रश्नको निम्ति कोष्ठभित्र दिइएको सबै-भन्दा उत्तम उत्तरलाई छान्नुहोस् र दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क.** येशूले कथाहरू भन्नुभयो ....................................

(मानिसहरूलाई खुशी पार्न\
परमेश्वरको सत्यता सिकाउन)

ख. कथाद्वारा प्रेमको धारणालाई राम्रोसँग व्याख्या गर्न सकिन्छ, किनकि यसले ...............................................
(प्रेमको उदाहरण दिन्छ\धेरै धारणाहरू दिन्छ)

ग. केटाकेटीहरूलाई सिकाउँदा पाठको शुरूमा नै कथा भन्नु किन उत्तम ठहरिन्छ? तिनीहरूलाई
.......................................................................
(चाँडै सिकाउन\सुन्न लगाउन)

६ विश्वास हुनुपर्छ भन्ने विषयमा कथालाई समेत संलग्न गरी एउटा छोटो पाठको विकास गर्नुहोस्। हामीले कुराकानी गरेका तरीकाहरूमध्ये एउटामा यसलाई प्रयोग गर्नुहोस्।

**छलफल गर्नुहोस्**

उद्देश्य ४: *छलफलचाहिँ किन असल शिक्षण प्रणाली हो व्याख्या गर्नुहोस्।*

एक छलफलचाहिँ "सिकेका धारणाहरू र सत्यताहरूको बाँड्चूँड्" गर्नु हो।

> वचनको शिक्षा पाउने हरेकले आफ्ना सबै असल थोकहरू वचन सिकाउनेसँग बाँड्चूँड् गर्नुपर्छ (गलाती ६:६)।

एक असल छलफलले सिकाइएका सत्यताहरूलाई कार्यान्वयन गर्नका लागि एक सिकारुलाई सहयोग पुऱ्याउन सक्छ। मैले अगुवाइ गरेको एक झूण्डले ख्रीष्टियान हुनु भनेको के हो भन्ने विषयमा धेरै हप्तासम्म छलफल गऱ्यो। हाम्रै छिमेकमा भएको एउटा परिवारलाई सहायताको आवश्यकता थियो भन्ने कुरा हामी सबैले जानेका थियौं। त्यस घरकी आमाचाहिँ बिरामी

भएर अस्पतालमा थिइन् र बाबु पनि मुटुका रोगी भएका हुनाले काम गर्न सक्दैनथे। हामीले यस बारेमा कुराकानी गऱ्यौं र हामीले सिकेका सत्यताहरूलाई कार्यान्वयन गर्ने निर्णय गऱ्यौं। यसैले हामीले तिनीहरूका निम्ति खानेकुराहरूले भरिएको एउटा बाकस लगिदियौं र तिनीहरूको सेवा गरेर हामी आनन्दित भयौं।

छलफलहरू भनेको केही थोकको बारेमा कुराकानी गर्नु वा सिकाइएको विषयको बारेमा बहस गर्नु मात्र होइन। समूहमा भएको प्रत्येक व्यक्ति सत्यताको बुझाइमा पुग्ने कोशिश गर्दा साँचो छलफल भएको ठहरिन्छ।

अन्य प्रणालीहरूभन्दा शिक्षणको यो प्रणालीचाहिँ प्रयोग गर्नका लागि अलि कठिन हुन्छ। यसको निम्ति होशियारपूर्ण तयारीको आवश्यकता पर्छ, र सिकारुको चिन्तनलाई निर्देशन गर्नका लागि तपाईं तयारी हुनुपर्छ।

असल छलफलको निम्ति धेरै कुराहरूको आवश्यकता पर्छ। ती हुन्ः

१. छलफल गरिनुपर्ने प्रश्न वा समस्यालाई प्रत्येक व्यक्तिले स्पष्टसँग बुझेको हुनुपर्छ। कुनै एउटा उत्तरको निम्ति प्रश्नहरू सोधिनुहुँदैन, यसो भयो भने छलफल सीमित हुन्छ।

२. छलफलचाहिँ सिकाइएको पाठमा केन्द्रित हुनुपर्छ। यसले पूरै कक्षा समय वा केही समय मात्र लिन सक्छ।

३. आफ्ना विचारहरू र धारणाहरूलाई स्वतन्त्र रूपमा बाँड्न सक्नका लागि यसले सिक्ने व्यक्तिलाई सहयोग पुऱ्याउनुपर्छ।

४. छलफल पूरा गर्नका लागि पर्याप्त समय दिइनुपर्छ। यदि विद्यार्थीहरूले छलफलबाट सिक्नुपर्ने हो भने उसको प्रत्येक दिनको जीवनमा यसलाई प्रयोग गरिनुपर्छ।

५. सिकारुले सत्यता सिक्ने साँचो इच्छा राखेको हुनुपर्छ।

६. अगुवाले विद्यार्थीका टिप्पणीलाई आलोचना गर्नुहुँदैन। आलोचनाले उसलाई निराश तुल्याउँछ र भविष्यमा कुनै पनि कुरा बोल्न नचाहने हुन्छ।

छलफललाई सानो भूण्डमा राम्रोसँग प्रयोग गर्न सकिन्छ भनी जान्नु महत्त्वपूर्ण हुन्छ। यदि कक्षामा १२ देखि १४ जना मानिसहरू छन् भने, प्रत्येक व्यक्तिलाई सहभागी बनाउनका लागि कठिन पर्छ। ठूलो कक्षालाई स-साना समूहहरूमा विभाजन गर्न सकिन्छ र यसको निम्ति आवश्यक अगुवाहरू पनि तयार पार्नुपर्छ।

प्रायःजसो मानिसहरूलाई कुराकानी गर्न मन पर्छ, यसैले यदि छलफलचाहिँ उचित प्रकारले प्रयोग गरियो भने आत्मिक कुराहरूका बुझाइमा वृद्धि हुनका लागि यसले विद्यार्थीहरूलाई सहयोग पुऱ्याउन सक्छ।



### तपाईंको अभ्यासको निम्ति

७ असल छलफलको निम्ति तपाईंलाई अति महत्त्वपूर्ण लाग्ने तीन कुराहरूलाई उल्लेख गर्नुहोस्। ................................
..................................................................

८ मानिलिऔं विश्वासको विषयमा भएको सन्देशलाई सिकाउनका लागि छलफल प्रणालीलाई तपाईंले प्रयोग गर्नुपर्‍यो। छलफल शुरू गर्नका लागि तपाईंले प्रयोग गर्न सक्ने केही प्रश्नहरू के-के हुन्? ............................................................
..................................................................

## प्रश्नहरू सोध्नुहोस्

उद्देश्य ५: *प्रश्नहरू र उत्तरहरूले सिकाइलाई कसरी नाप्न सक्छन् वर्णन गर्नुहोस्।*

सिकारुहरू आफ्ना ख्रीष्टियान जीवनमा कसरी वृद्धि भइरहेका छन् भन्ने कुरा पत्ता लगाउनका लागि प्रश्न- र- उत्तर प्रणालीचाहिँ सबैभन्दा उत्तम तरीका हो। विचारशील उत्तरहरूको आशा राख्ने प्रश्नहरूले सिकाइएको कुरालाई कसरी प्रयोग गरिराखिएको छ भन्ने कुरा तपाईंलाई देखाउँछन्। सिकारु अझै सिक्ने कुरामा इच्छुक बनेको र नयाँ सत्यताहरूलाई प्रयोग गर्नका निम्ति विभिन्न उपायहरू भेट्टाउने चासो राखेको हुनाले तिनीहरूले यस सम्बन्धमा पनि सहयोग पुर्‍याउन सक्नेछन्।

असल प्रश्नहरू माछा मार्नेको बल्छीको आहाराजस्तै हो। तिनीहरूले मानिसहरूको चासोलाई समात्छन् र तिनीहरूलाई विचारशील बनाउँछन्।

विश्वासको सम्बन्धमा गरिने छलफलको निम्ति केही प्रश्नहरू लेख्नू भनी तपाईंलाई बिन्ती गरिएको थियो। किनकि प्रश्नहरूचाहिँ छलफलका महत्त्वपूर्ण भाग हुन्। तपाईं एउटाविना अर्को पूरा गर्न सक्नुहुन्न। प्रश्नहरूका प्रयोगद्वारा तपाईं छलफललाई निर्देशित गर्न सक्नुहुन्छ।

शिक्षण गर्नेहरूका निम्ति तीन किसिमका प्रश्नहरू अति उपयोगी हुन्छन्। ती हुन्ः

१. *यथार्थ प्रश्नहरू।* यसले पाठलाई अध्ययन गर्दा सिकिएको वास्तविकताको उल्लेख गर्नका लागि एक व्यक्तिलाई अह्राउँछ। यस किसिमको प्रश्न महत्त्वपूर्ण हुन्छ, किनकि वास्तविकता-हरूलाई हाम्रा जीवनमा प्रयोग गर्नुभन्दा पहिले हामीले ती थाहा पाउनु आवश्यक पर्छ।

२. *समस्यागत प्रश्नहरू।* योचाहिँ केही समस्याको बारेमा भएको प्रश्न हो, जसलाई समाधान गरिनु आवश्यक पर्छ। समस्या समाधानका लागि विभिन्न उपायहरू सोच्नका लागि सिकारु व्यक्तिलाई सहयोग पुऱ्याउन उपयुक्त प्रश्नहरू सोधेर तपाईं उसलाई अगुवाइ गर्न सक्नुहुन्छ।

३. *प्रयोगात्मक प्रश्नहरू।* सिकारुले आफ्नो दैनिक जीवनमा पाठको सन्देशलाई प्रयोग गर्नुपर्छ। येशूलाई आफ्ना मुक्तिदाताका रूपमा विश्वास गर्न चाहने व्यक्तिलाई सो गर्न ठीक हो भनी बताउनका लागि प्रयोगात्मक प्रश्न प्रयोग गर्न सकिन्छ। आफूले सिकेको कुरालाई कार्यान्वयन गर्नका लागि यसले सिकारुसँग माग गर्छ।

तपाईंले सिकाइरहनुभएका व्यक्तिहरूले कति जानेका छन् भनी पत्ता लगाउनका लागि तपाईंको शिक्षण सेवामा तपाईं प्रश्नहरू सोध्न सक्नुहुन्छ। तिनीहरूले सिक्न चाहेका हुनाले तिनीहरूले पनि तपाईंसँग प्रश्न सोध्छन्। शिक्षक र विद्यार्थी

दुवैले एक-अर्कासँग प्रश्न सोध्ने प्रवृत्तिले सिक्ने कुराको राम्रो वातावरण सृजना गरिदिन्छ।

### तपाईंको अभ्यासको निम्ति

**९** प्रत्येक ठीक वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** सिकारुहरूले के कुरा विचार गरिराखेका छन् भनी पत्ता लगाउनका लागि छलफलमा पनि तपाईं प्रश्नहरू सोध्न सक्नुहुन्छ?

**ख.** सिकेका सत्यताहरूका बारेमा सिकारुले विचार गर्न सकोस् भनी प्रश्नहरूको प्रयोग गरिन्छ।

**ग.** यथार्थ प्रश्न भनेको सिकारुले आफ्नो जीवनमा प्रयोग गरिहाल्नुपर्ने किसिमको प्रश्न हो।

**घ.** राम्रो प्रश्नले सिकारुको इच्छालाई जगाउने काम गर्छ।

**१०** उल्लेखित तीन किसिमका प्रश्नहरूलाई ढाक्ने गरी एउटा प्रश्न लेख्नुहोस्। गलाती ६:६-लाई यसको आधार बनाउनुहोस्। ..............................................

..............................................................

### तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१० तपाईंको उत्तर। तपाईं यसरी प्रयोग गर्न सक्नुहुन्छः
हामीलाई ख्रीष्टियान सन्देश सिकाइँदा हामीले के गर्नुपर्छ? (यथार्थ)

तब हामी सबैको शिक्षण सेवा छ भन्नु ठीक होला र? (समस्या)

कसैको शिक्षणको अधीनमा बसेर तपाईं सिकारुले यसलाई कसरी कार्यान्वयन गर्न सक्नुहुन्छ? (प्रयोग)।

१ ख) कुनै पाठ सिकाउनका लागि हामीले योजना बनाउने तरीका हो।

६ **क** ठीक **ग** बेठीक
**ख** ठीक **घ** ठीक

२ ग) विद्यार्थीहरूमा आत्मिक वृद्धि देख्न सक्छन्।

८ तपाईंको उत्तर। तपाईंले भन्नुहोलाः विश्वास के हो? यदि विश्वास परमेश्वरको वरदान हो भने, यसलाई प्राप्त गर्नको निम्ति हामी के गर्न सक्छौं? विश्वास कति आवश्यक छ?

३ बयस्कहरू

७ छलफल गर्नका लागि उपयुक्त र स्पष्ट प्रश्न सोध्ने। छलफललाई संगठित र सुचारुरूपले सञ्चालन गर्ने। कुनै न कुनै किसिमले सबैलाई संलग्न गराउने।

४ ख र ग

६ तपाईंको उत्तर। एउटा उदाहरणचाहिँ रायोको बीउको बारेमा मत्ती १३ः३१-३२-मा भनिएको कथालाई बताउनु हो। यस कथालाई तीन तरीकाहरूमध्ये कुनै एउटामा प्रयोग गर्न सकिन्छ।

५ **क** परमेश्वरको सत्यता सिकाउन
**ख** प्रेमको उदाहरण दिन्छ
**ग** सुन्न लगाउन